**सुनछहरी गाउँपालिका**

**ज्येष्ठ नागरिक परिचय-पत्र निर्देशिका, २०७५**

**स्वीकृत मिति :२०७५।०६।०५**

**१. परिचय :**

जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुचि ८ को क्र.स. १६ बमोजिमको कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३,दफा ११ उपदफा त २ ले दिएको अधिकार प्रयोग गरि मिति २०७५।०६।०५ गते सुनछहरी गाउँ कार्यपालिकाको बैठक बाट यो **ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५** जारी गरिएको छ ।

**२. परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलार्य सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी बिकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्वन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ :

प्रमुख प्रशासकीय अधिकृत

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी बर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक

**६. परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी हुनेछ ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गा.पा को कार्यालयमा राखी बार्षिक रुपमा प्रदेश र संघको संम्वन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्वन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्नेछ ।

**९. विविध :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

१०. यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुने छ ।

११. यो निर्देशिकामा कुनै थपघट र हेरफेर गर्नुपरेमा गाउँ कार्यपालिका बैठकले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

विरबहादुर पन्त
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १
## ज्येष्ठ नागरिक परिचय-पत्र आवेदन फारम

फोटो

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,                    मितिः-
सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा

विषयः- ज्येष्ठ नागरिक परिचय-पत्र पाऊँ ।

महोदय,

उपयुक्त सम्बन्धमा प्रचलित कानुन बमोजिम ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिक परिचय-पत्र उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

१.नाम,थरः-..............................................उमेर......................लिङ्ग....................

२.ठेगानाः-

जिल्ला ..............गा.पा/न.पाः-..............................वडा नं................टोल.......

३.जन्म मितिः-....................................हालको ठेगाना....................................

४.पति/पत्नीकोनामः-...........................................................

५.उपलब्ध छुट सुविधाः-........................................................

६.हेरचाह केन्द्रमा बसेको भए विवरणः-.............................................

७.संरक्षकको नाम थरः-...................................ठेगानाः-...............................

फोन नंः-.....................................................................

८. रक्त समुहः-...............................

९.रोगभए रोगको नामः-...........................................................

१०. औषधिको नामः-.............................................................

निवेदक
नामः-
ठेगानाः-

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा

५ नं प्रदेश, नेपाल।

ज्येष्ठ नागरिक परिचय-पत्र

परिचय-पत्र नं :-

नामथर :-

ना.प्र.नं:-

ठेगाना

जिल्ला :......................................गा.पा./न.पा:............................................

वडा नं:-...............टोल/गाउँ :-.................................

उमेर :-...................................लिङ्ग :-

उपलब्ध छुट तथा सुविधाहरु :-............................

पति/पत्नीको नाम :-.........................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :-........................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोबाइल नं :-..............................

रक्त समुह र रोगको नाम र सेवन गरिएको औषधीको नाम :-....................................

प्रमाणित गर्ने अधिकृतको :-

दस्तखत :-

नाम थर :-

पद :-

कार्यालय :-

दायाँ

बायाँ

कार्यालयको छाप

प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची ३**
**सुनछहरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पोबाङ, रोल्पा**
**जेष्ठ नागरिक परिचय पत्रको अभिलेख**

| क.स. | परिचय पत्र नं. | जारी मिति | नाम थर | ठेगाना | जन्म मिति | वैवाहिक स्थिति | ने.ना. . प्र.प. नं. | लिङ्ग | शैक्षिक स्तर | संरक्षक | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

वि... पुन
प्रमुख प्रशासकीय अधिकृत